म्याङलुङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
म्याङलुङ, तेह्रथुम
कोशी प्रदेश नेपाल

रविन कार्की
प्रमुख प्रशासकीय अधिकृत

म्याङलुङ्ग नगरपालिकाका स्थानीय खोला तथा खानी बाट ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री उत्खनन तथा संकलन कार्यका बिक्री कर असुली का लागी

# बोलपत्र कागजात

## म्याङलुङ्ग नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### म्याङलुङ्ग ,तेह्रथुम

दोस्रो पटक प्रकाशित मिति : २०८२/०६/०८

ठेक्का नं.: **03/MM/Rajaswa/082/83**

# म्याङलुङ्ग नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## म्याङलुङ्ग,तेह्रथुम
## कोशी प्रदेश,नेपाल

**म्याङलुङ्ग नगरपालिकाका स्थानीय खोला तथा खानी बाट ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री उत्खनन तथा संकलन कार्यका बिक्री कर असुलीको ठेक्का बन्दोबस्ती सम्बन्धी बोलपत्र आह्वानको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०६/०८**

स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ६४(च) मा व्यवस्था भए बमोजिम यस म्याङलुङ्ग नगरपालिका,नगर कार्यपालिकाको कार्यालयले IEE प्रतिवेदनमा उल्लेखित स्थानीय खोला तथा खानीबाट ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री उत्खनन तथा संकलन कार्यका लागि बिक्री कर असुली गर्न तपसिल बमोजिमको परिमाणमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इजाजत प्राप्त ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले **फर्मको नवीकरण प्रमाणपत्र , PAN/VAT दर्ता प्रमाणपत्र ,आ.व.०८०/८१ को करचुक्ता** र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही (BOQ भरी) विधुतीय बोलपत्र पेश गर्नुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ ।

**तपसिल :**

| क्र. सं. | ठेक्का नं. | विवरण | परिणाम (घ.मि.) | न्युनतम ठेक्का अंक (भ्याट बाहेक) रु. | धरौटी रकम रु. | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | 03/MM/ Rajaswa /082/83 | म्याङलुङ्ग नगरपालिकाका स्थानीय खोला तथा खानी बाट ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री उत्खनन तथा संकलन कार्यका बिक्री कर असुली | ढुंगा : १५५७<br>गिट्टी : ७८६<br>बालुवा :७३२८ | २४,७३,५००.००/- | कबोल गरेको भ्याट सहित रकमको ५ % | ३०००.००/- | २०८२/०६/२३ दिनको १२ बजे सम्म | २०८२/०६/२३ दिनको १२ बजे सम्म | २०८२/०६/२३ दिनको २:०० बजे |

**शर्तहरु :**

१. खरिद प्रक्रिया e-GP माध्यमबाट मात्र गरिने भएकाले सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाण्डौ (PPMO) को आधिकारिक Website: https://www.bolpatra.gov.np/egp बाट bid document हेर्न सकिनेछ र Submission का लागि बोलपत्र खरिद दस्तुर बापत रकम खातामा जम्मा गरेको र सम्बन्धित ठेक्का नं र बोलपत्रको नाम खुलेको राजश्व दाखिला भौचर electronic bid file साथै पेश गर्नु पर्नेछ। बोलपत्र फारम दस्तुर नेपाल बैंक लिमिटेड,म्याङलुङ्ग,तेह्रथुममा रहेको यस कार्यालयको GA.1.1 MYANGLUNG NA.PA. AANTARIK RAJASWA KHATA नं. ०५४०३०००००१००१०००००१ मा जम्मा गर्न सकिनेछ ।

२. बोलपत्र पेश गर्दा उल्लिखित रकम बराबरको धरौटी नेपाल बैंक लिमिटेड, म्याङलुङ्ग,तेह्रथुममा रहेको यस कार्यालयको GA.3.0 MYANGLUNG NA.PA. DHARAUTI KHATA नं. ०५४०३००००३०००००००००१ मा नगदै जम्मा गरेको सक्कल भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिन मान्य अवधि भएको नेपाल सरकारबाट मान्यता प्राप्त “क” वर्गको वाणिज्य बैंकले जारि गरेको बिडबन्ड पेश गर्नु पर्नेछ ।

३. बोलपत्रदाताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखी छाप लगाई पेश गर्नु पर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । बोलपत्र खरिद वा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्य लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ ।

४. यस कार्यको ठेक्का अवधि सम्झौता मिति देखि २०८३ जेठ मसान्त सम्मको लागि मात्र रहनेछ ।

५. बोलपत्र स्वीकृत गर्ने ,नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

६. यस म्याङलुङ्ग नगरपालिकाका स्थानीय खोला तथा खानी बाट ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री उत्खनन तथा संकलन कार्यका परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४,सोसंग सम्बन्धित अन्य प्रचलित नियम,कानुन तथा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग मानिने छ ।

७. यस सूचनामा उल्लेख भएका विषय यसै बमोजिम र अन्यको हकमा प्रचलित ऐन,नियम तथा नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# म्याङलुङ्ग नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## म्याङलुङ्ग,तेह्रथुम
## कोशी प्रदेश,नेपाल

म्याङलुङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
म्याङलुङ, तेह्रथुम
कोशी प्रदेश नेपाल

रविन कार्की
प्रमुख प्रशासकीय अधिकृत

- बोलपत्रदाताको नाम :
- ठेगाना :
- सूचना प्रकाशित मिति : २०८२/०६/०८
- फारम खरिद गर्ने अन्तिम मिति : २०८२/०६/२३ दिनको १२ बजे सम्म
- ठेक्काको नाम : म्याङलुङ्ग नगरपालिकाका स्थानीय खोला तथा खानीबाट ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री उत्खनन तथा संकलन कार्यका बिक्री कर असुली
- बोलउपत्र पेश गर्ने अन्तिम मिति : २०८२/०६/२३ दिनको १२ बजे सम्म
- बोलपत्र खोल्ने मिति : २०८२/०६/२३ दिनको २:०० बजे

| सि. नं. | ठेक्का नं | बोलपत्रको नाम | परिमाण (घ.मि.) | न्युनतम रकम (मु.अ. कर बाहेक) | कबोल रकम | |
|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा |
| १ | 03/MM/Rajaswa/082/83 | म्याङलुङ्ग नगरपालिकाका स्थानीय खोला तथा खानीबाट ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री उत्खनन तथा संकलन कार्यका बिक्री कर असुली | ८३७१.०० | २४,७३,५००.००/- | | |
| जम्मा कबोल रकम | | | | | | |
| १३ % मु.अ.कर | | | | | | |
| कुल जम्मा रकम | | | | | | |

छाप

पेश गर्ने बोलपत्रदाताको नाम र ठेगाना :

दस्तखत :

मिति :

सम्पर्क नं :

सूचनामा उल्लेख भएका बाहेक अन्य शर्तहरु :

- यस ठेक्काको न्युनतम रकम (मु.अ.कर बाहेक) सम्झौता मितिदेखि २०८३ जेष्ठ मसान्त सम्मका लागि रु २४,७३,५००.००/- (चौबिस लाख त्रिहत्तर हजार पांच सय मात्र) कायम गरिएको छ।
- बिक्री मूल्य संकलन गर्दा ढुंगा,गिट्टीको दर (प्रति क्यू.फिट रु.८) र बालुवाको दर (प्रति क्यू.फिट रु.७) भन्दा बढी हुने गरि संकलन तथा बिक्री गर्न पाइने छैन।
- नदी तथा खानीजन्य पदार्थ (ढुंगा,गिट्टी,रोडा,बालुवा,माटो/भरौट) को उत्खनन्,संकलन र बिक्री गर्दा देहायको स्थानबाट निम्न बमोजिमको परिमाणमा मात्र गर्नुपर्नेछ।

| सि.नं. | नदी,खोला तथा खानीजन्य पदार्थको नाम | नदी,खोला तथा खानीजन्य पदार्थ उत्खनन् गर्ने स्थान | उत्खनन् योग्य परिमाण (घ.मि.) |
|---|---|---|---|
| १ | बालुवा | लम्भु दोभान वडा नं.२, तमोर नदी वडा नं.१ र १० | ७३२८.०० |
| २ | ढुंगा,गिट्टी | लम्भु दोभान वडा नं.२, तमोर नदी वडा नं.१ र १० | २३४३.०० |
| | | जम्मा | ९६७१.०० |

- ठेक्का सम्झौता गर्दाकै वखतमा बोलपत्रदाताले एकमुस्ठ रकम बुझाउन चाहेमा मु.अ.कर बाहेकको रकममा १० प्रतिशत रकम छुट दिन सकिनेछ।
- ठेक्कासंग सम्बन्धित रसिदहरु ठेकेदार स्वयम् आफैले छपाई यस नगरपालिकामा प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ।कार्यालयबाट प्रमाणित नगराई रसिद प्रयोग गरेको पाईएमा नियमानुसार कारवाही हुनेछ।
- IEE प्रतिवेदनमा उल्लेख भएका उत्खनन् क्षेत्र बाहेक अन्य क्षेत्र वा कुनै व्यक्ति,मठ,मन्दिर,विद्यालय,कुलो, बाँध,बाटो आदिमा क्षति पुग्ने गरि उत्खनन् गर्न पाइने छैन।साथै उत्खनन् पश्चात ढुवानी वा मौज्दात प्रयोजनका लागि कसैको निजि जग्गा प्रयोग गर्नुपर्ने भएमा त्यसबाट उत्पन्न हुने दायित्वका लागि नगरपालिका जवाफदेही हुनेछैन।
- तोकिएको मापदण्ड विपरित भूक्षय वा बाढी पहिरो जाने गरि उत्खनन् गर्न पाइने छैन।
- IEE प्रतिवेदन अनुसार यस कार्यालयबाट ईजाजत प्राप्त मेसिनबाट तोकिएको स्थानमा मात्र उत्खनन् गर्न पाइने छ।
- IEE प्रतिवेदनले उत्खनन् गर्न इजाजत दिएको परिमाणका लागि उत्खनन् गर्दा लाग्ने लागत स्वयम् ठेकेदारले वहन गर्नु पर्नेछ।
- ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लिखित शर्त बमोजिम काम गर्नुपर्नेछ।
- भरौट उत्खनन् गर्दा बिहान सुर्योदय पश्चात र बेलुका सुर्यास्त अगाडी गर्नु पर्नेछ।
- स्थानीय तथा नेपाल सरकारलाई बुझाउनुपर्ने सबै प्रकारका करहरु ठेकेदार स्वयम् आफैले बुझाउनु पर्नेछ।

- बन्द, हड्ताल, जस्ता मानव सिर्जित घटनाको कारणवाट हुने हानि नोक्सानीका लागी कुनै क्षतिपुर्ती वा छुट मिनाहा माग गर्न पाइने छैन र कार्यालयले उपलव्ध पनि गराउने छैन।
- न्युनतम ठेक्का रकम भन्दा घटी कबोल गरि बोलपत्र पेश गर्न पाईने छैन, साथै ठेकेदार, फर्म वा कम्पनीहरुबाट कुनै सर्त राखिएको वा रीत नपुगेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन।
- बिक्री मूल्य वा दस्तुर,शुल्क तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ।बिक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होर्डिंग बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ।
- सूचना तथा बोलपत्र फारममा उल्लेख भएका बाहेकका अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, कोशी प्रदेश आर्थिक ऐन २०८२, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ संशोधन सहित तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।
- बोलपत्र सम्बन्धी केही थप कुरा बुझ्नु पर्ने भएमा कार्यालयको वेबसाइट **www.myanglungmun.gov.np** वा कार्यालय समयमा ०२६-४६०१३५ मा सम्पर्क गरी बुझ्न सकिनेछ।